आज मिति २०७२ पौष २७ गते बुधबारका दिन यस दक्षिणकाली नगरपालिकाका प्रमुख एवं कार्यकारी अधिकृत श्री गणेश विक्रम शाहको अध्यक्षतामा देहाय अनुसारको उपस्थितिमा १८ औं बोर्ड बैठक बसि देहाय बमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिति :-**
प्रमुख एवं कार्यकारी अधिकृत श्री गणेश विक्रम शाह

**आमन्त्रित :-**
लेखा अधिकृत : विष्णु बहादुर के.सी.
सिभिल इन्जिनियर : मनोज बुढाथोकी
सव-इन्जिनियर : द्वारिका श्रेष्ठ
सव-इन्जिनियर : लक्ष्मी श्रेष्ठ
सव-इन्जिनियर : बासुदेव बलामी (दक्षिणकाली क्षेत्र प्रबन्ध समितिबाट काज)
वडा सचिव : जयराम गिरी
वडा सचिव : बलदेव कुमार श्रेष्ठ
वडा सचिव : प्रदीप बस्नेत
वडा सचिव : महेश शाक्य
वडा सचिव : प्रदिप पौडेल
वडा सचिव : सुदर्शन आचार्य
सह-लेखापाल : रामशरण भण्डारी
खरिदार : सुरोज श्रेष्ठ
खरिदार : गीता तामाङ
अमिन : पुष्पा ढकाल
अ. सव-इन्जिनियर : सुवास के.सी.

**निर्णय नं. १ :-**
दक्षिणकाली नगरपालिका कार्यालयको आ.व. २०७२/०७३ को पौष मसान्तसम्मको बास्तविक एवं संसोधित र आगामी आ.व. ०७३/७४ को नगरपालिकाको अनुमानित आम्दानी तथा खर्च विवरण यसै साथ संलग्न **अनुसची १** बमोजिमको यस दोश्रो नगर परिषदबाट अनुमोदनका लागि नगर परिषदमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :-**
आ.व. २०७३/०७४ का लागि वडा नागरिक मञ्च, स्थानीय वडाबासी, संघ-संस्था, महिला, बालबालिका, विपन्न वर्ग, अपांगता भएका व्यक्ति तथा सरोकारवालाहरुको उपस्थितिमा छनौट भएका लक्षित वर्गको योजना सहितको संयुक्त वडा कार्यालय मार्फत पेश भएका वडास्तरीय योजना प्रति वडा रकम रू. १५ लाखको (**अनुसूची "२" बमोजिम)** मा उल्लेखित योजनाहरुलाई पारित गर्नका लागि नगर परिषदमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :-**
दक्षिणकाली नगरपालिकाको चालु आ.व.को बाँकी अवधीका लागी तथा आगामी आ.व. २०७३/०७४ को लागि राजश्व परामर्श समितिको सिफारिसमा प्रस्तुत गरिएका (**अनुसूचि "३" बमोजिम**) कर तथा दस्तुरका दररेटहरु संशोधन सहित पारित गरी उक्त दररेट आगामी मिति २०७२ माघ १ गते देखि लागु गर्न र सो को कार्यान्वियन गर्नका लागि नगरपालिका बोर्डलाई अधिकार दिने निर्णय हुन नगर परिषदमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :-**

आ.व. २०७३/०७४ का लागि वडा नागरिक मञ्च, स्थानीय वडाबासी, संघ-संस्था, महिला, बालबालिका, विपन्न वर्ग, अपांगता भएका व्यक्ति तथा सरोकारवालाहरुको उपस्थितिमा छनौट भएका योजनाहरु नगरपालिकाको आन्तरिक आयश्रोतबाट संचालन हुन संम्भव नहुने भएकाले उक्त योजनाहरु ईलाका स्तरीय गोष्ठी, जिल्ला परिषद, विषयगत कार्यालय तथा विषयगत मन्त्रालयमा पेश गने (**अनुसूची “४” बमोजिम**) योजनाहरु सम्बन्धित निकायहरुबाट तदानुसार बजेट विनियोजन गरिदिनका लागि नेपाल सरकारका सम्बन्धित केन्द्रीय निकाय एवं राष्ट्रिय योजना आयोगमा सिफारिस गर्न अनुरोध गर्नका लागि नगर परिषदमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :-**

विकेन्द्रीकरणको सिद्धान्तलाई यर्थाथमै घरदैलोसम्म पुऱ्याउन वडा नागरिक मञ्चको पहलमा चालु आ.व ०७२/७३ का लागि नगरपालिकाले संचालन गर्ने याजना तथा कार्यक्रमहरु मध्ये आन्तरिक श्रोतको प्रक्षेपणको आधारमा प्रति वडा रकम रू. १८ लाखको प्रस्तावित वडागत बजेट सिलिङ्ग बमोजिम वस्तीस्तरमा छलफल भई वडा नागरिक मञ्चमार्फत (अनुसूची “क” निर्णय नं. १० संग सम्बन्धित) मा पेश भएका योजना तथा कार्यक्रमहरु एकिकृत योजना तर्जुमा समितिमा छलफल गरी सोहि बमोजिम कार्यान्वियन गर्ने सम्बन्धि प्रथम नगर परिषदको निर्णय भएकोमा आन्तरिक श्रोतको आम्दानीमा कमी भएको र जिल्ला विकास समिति, काठमाडौं एवं केन्द्रबाट प्राप्त हुने अनुदान रकम समत पर्याप्त नभएकोले हालको रकम रू. १८ लाखको सिलिङ्गलाई औसतमा ५० प्रतिशत घटाई योजनाहरुमा सोहि अनुरुपको ल.ई तयार पारी कार्यान्वयन गर्ने र आन्तरिक श्रोत पर्याप्त भएमा क्रमैसंग योजना तथा कार्यक्रमहरु संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :-**

नगरपालिकाले आफ्नो क्षेत्रभित्र संचालन भएका तथा संचालित हुने योजना र कार्यक्रमहरुको समग्र अनुगमन तथा सुपरिवेक्षण गर्ने प्रयोजनका लागि स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ बमोजिम नगर सुपरिवेक्षण तथा अनुगमन समिति गठन गरि सोहि कार्यविधिले र्निदिष्ट गरे बमोजिमका काम, कर्तव्य तथा अधिकार प्रदान गरि क्रियाशिल बनाउन नगर परिषदमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :-**

नगर परिषदबाट प्रस्तावित नगरपालिका कार्यालयबाट आगामी आ.व.मा संचालन हुने याजना तथा कार्यक्रमहरुको बाँडफाँड स्वीकृत गरी सो अनुसार कार्यक्रम कार्यान्वियन गर्ने अधिकार नगरपालिकालाई प्रदान गर्न र ईलाकास्तरमा जाने, जिल्ला विकास समितिको आन्तरिक श्रोतबाट गरिने र केन्द्रीय स्तरबाट गर्नुपर्ने योजना समेत तत् तत निकायमा सिफारिस गर्ने निर्णय हुन नगर परिषदमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :-**

(स्थानीय स्वायत्त शासन ऐन र नियम अनुसार) साविक गा.वि.स कार्यालयको स्वामित्व तथा संरक्षणमा रहेका सार्वजनिक मठ, मन्दिर, गुम्बा, मस्जिद, पाटि, पौवा, प्राचीन स्मारक, ताल, तलैया, पार्क, पर्ति जग्गा, सार्वजनिक जग्गा, देवालय तथा अन्य सार्वजनिक सम्पत्तिहरुको अभिलेख तथा संरक्षण गर्न र साविकका गा.वि.स.हरुको भोग चलनमा रहेका सार्वजनिक सम्पत्तिको अभिलेख तयार पार्न नगर परिषदमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ :-**

नगरपालिकाको केन्द्र कार्यालय र वडा कार्यालयहरुका लागि आवश्यक पूर्वाधारहरुको व्यवस्थापन एवं निमार्ण गर्न आवश्यक बजेट विनियोजन गर्नको लागि नगर परिषदमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० :-**

यस नगरपालिकाको हाल संचालनमा रहेका ६ वटा संयुक्त वडा कार्यालयको थप प्रशासनिक कार्यको लागि मासिक रू. ४,०००।-( अक्षरुपी चार हजार रूपैयाँ) मात्र मसलन्द तथा कार्यालय संचालन वापतको रकम प्रत्येक संयुक्त वडा कार्यालयको लागि उपलब्ध गराउन नगर परिषदमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ :-**

राजनैतिक दल, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र, एकिकृत योजना तर्जुमा समिति, विषयगत समिति एवं नगरपालिकामा कार्यरत सबै कमचारीहरुको क्षमता वद्धि हुने खालका तालिम तथा अवलोकण भ्रमणको लागि क्षमता विकास योजना बमोजिम कार्यक्रमहरु कार्यान्वियन गर्नको लागि नगर परिषदमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२ :-**

यस नगरपालिकाको आ.व. ०७१/०७२ को आन्तरिक र अन्तिम लेखा परीक्षण प्रतिवेदनको उपर छलफल गरि सो प्रतिवेदनले औंलाएका विषय र मार्ग निर्देशनलाई परिपालन गर्ने निर्णय कार्यान्वियन हुन नगर परिषदमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३ :-**

यस नगरपालिका कार्यालयमा कार्यरत कर्मचारीहरुको भवन निर्माण गर्ने भएमा नक्सापास प्रयोजनार्थ लाग्ने शुल्क एक पटकको लागि छुट गर्न नगर परिषदमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४ :-**

यस नगरपालिकमा हाल रहेको ६ वटा संयुक्त वडा कार्यालयहरुलाई तोकिएको स्थानमा १५ वटा वडाहरुलाई भौतिक अवस्था र जनशक्तिलाई मध्यनजर गरी क्रमैसंग स्थानान्तरण गर्न नगर परिषदमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५ :-**

दक्षिणकाली नगरपालिकामा जनशक्तिलाई व्यवस्थापन गर्न सेवा करारमा कार्यरत प्रशासनिक/प्राविधिक कर्मचारीहरु नगरपीलका गठन भए पश्चातका बार्ड वैठक र सेवा कारारका नियुक्ती र म्याद थपलाई अनुमोदन गर्दै सेवा करारमा कार्यरत प्रशासनिक, प्राविधिक कर्मचारीहरु एवं सवारी चालकको करार चालु आ.व.को असार मसान्तसम्मको लागि म्याद थप गर्ने र करार सेवामा रहेका सबै कर्मचारीहरु आवश्यकता अनुसार थप हुने अन्य जनशक्तीलाई पनि सोहि बमोजिमको सेवालाई निरन्तरता दिन नगरपालिका वोर्डलाई अधिकार दिन नगर परिषदमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६ :-**

यस दक्षिणकाली नगरपालिकाको दोश्रो नगर परिषद सभ्यभव्य रुपमा सम्पन्न गरे वापत हाल नगरपालिका तथा वडा कार्यालयमा कार्यरत कर्मचारीहरुलाई नगर परिषद तयारी वापत प्रोत्साहन स्वरुप तलवस्केलको १ महिना बरावरको प्रोत्साहन खर्च प्रदान गर्न नगर परिषदमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७ :-**

माथि उल्लेखित नीतिहरुको अवलम्बन गरी नगरपालिकाको आन्तरिक आयश्रोतमा बृद्धि गर्दै जाने र विकास निर्माण कार्य अगाडी बढाउन नगर परिषदमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८ :-**

राजनैतिक दल, वडा नागरिक मञ्च एवं कर्मचारीहरुको क्षमता वृद्धिहुने खालका तालिम तथा अवलोकलण भ्रमणको लागि क्षमता विकास योजना तयार पारि रकम विनियोजन गरि कार्यान्वयन गर्न नगर परिषदमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९ :-**

यस नगरपालिका कार्यालयको आफनो भवन नभएको हुँदा दक्षिणकाली नगरपालिका वडा नं. ८ स्थित भज्केश्वरी प्राङ्गणमा रहेको फर्पिङ उच्च मा.वि.को सबै भवनमा नगरपालिका कार्यालय संचालन हुँद आएकोमा उक्त फर्पिङ उ.मा.वि. पञ्जल गणेश मन्दिर प्राङ्गणमा रहेको स्थानमा कक्षा व्यवस्थापन गर्नको लागि गत आ.व. २०७१।०७२ मा रू.५,००,०००।-(अक्षरेपी पाँच लाख रूपैयाँ) उपलब्ध गराई सकिएको, चालु आ.व. २०७२।०७३ मा रू.५,००,०००।-(अक्षरेपी पाँच लाख रूपैयाँ) उपलब्ध गराउने निर्णय गत वषको नगर परिषदबाट भई सकेको हुँदा आगामी आ.व. २०७३/०७४ मा समेत रू.५,००,०००।-(अक्षरेपी पाँच लाख रूपैयाँ) उपलब्ध गराई भवनको सम्पूर्ण स्वामित्व यसै नगरपालिकाको नाममा गर्नका लागि विद्यालयबाट अनुरोध गर्ने निर्णय हुन नगर परिषदमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २० :-**

यस दक्षिणकाली नगरपालिकामा स्थायी कर्मचारीहरुको आ.व. २०७२/०७३ को वार्षिक तलवी प्रतिवेदन **अनुसूचि "घ"** पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१ :-**

दक्षिणकाली क्षेत्र प्रवन्ध समितिबाट साविकका २ वटा गा.वि.स.हरु छैमले र दक्षिणकालीलाई वार्षिक रू. २,५०,०००।-(अक्षरुपी दुई लाख पचास हजार रूपैयाँ) का दरले उपलब्ध गराउँदै आएकोमा हाल नगरपालिका घोषणा भए पश्चात प्राप्त हुनु पर्ने रू.५,००,०००।-(अक्षरेपी पाँच लाख रूपैयाँ) उपलब्ध गराई दिन अनुरोध गर्ने र आगामी आ.व. २०७३/०७४ मा उक्त रकममा बृद्धि गरी वार्षिक ७,५०,०००।-(सात लाख पचास हजार रूपैयाँ) माग गर्ने निर्णय हुन नगर परिषदमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२ :-**

दक्षिणकाली नगरपालिकाको **"कर्मचारी विनियमावली २०७१"** (संसोधन सहित) अनुमोदनका लागि नगर परिषदमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३ :-**

नगरपालिकाको आन्तरिक श्रोतबाट खर्च गर्ने गरी विभिन्न खेलकुद कार्यक्रम प्रतियोगिता संचालनका लागि फर्पिङ खेलकुद विकास क्लबलाई रू. १,००,०००।-(अक्षरेपी एक लाख रूपैयाँ) मात्र चालु आ.व. २०७२/०७३ मा उपलब्ध गराउन बजेट विनियोजनका लागि नगर परिषदमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २४ :-**

खुल्ला दिशामुक्त क्षेत्र घोषणा गर्ने क्रममा चाल्नाखेल र सेतिदेवीको विच भागमा रहेको हात्तिवनको जंगलमा यात्रु तथा सर्वसाधारणहरुको सहजताको लागि चालु आ.व. २०७२/०७३ मा सार्वजनिक शौचालय निर्माण गर्न सम्बन्धित सरोकारवालाहरुसंग समन्वय तथा आवश्यक रकम विनियाजनको लागि नगरपालिका बोर्डलाई अधिकार प्रत्यायोजन हुन नगर परिषदमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५ :-**

सवारी साधनको कर लिने शिलशिलामा नगरपालिका भित्र संचालनमा रहेको सवारी साधनहरुको कर असुल गर्नका लागि यस नगरपालिकामा उक्त कर नबुझाई यातायात व्यवस्था कार्यालयमा नविकरण गर्नजाने प्रबृत्ति देखिएकोले

नगरपालिकामा बुझाउनु पर्ने सवारी साधनको कर नबुझाएमा उक्त सवारी साधनको नविकरण नगरी दिनुहुनको लागि यातायात व्यवस्था कार्यालयलाई अनुरोध गरी पठाउनको लागि नगर परिषदमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६ :-**

यस नगरपालिकाद्वारा विभिन्न वडाहरुमा संचालन भई सम्पन्न हुने सम्पूर्ण विकास निर्माण आयोजनाहरुको गुणस्तर मापन एवं प्रभाव मूल्याङकन गर्दै यस सम्बन्धमा भावि नीति तर्जुमा गर्ने कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले निम्नानुसारको योजना अनुगमन, जाँचपास तथा सुपरिवेक्षण समिति गठन गर्ने कार्यलाई निरन्तरता दिन नगर परिषदमा पेश गर्ने निर्णय गरियो ।

संयोजक :- श्री प्रमुख एवं कार्यकारी अधिकृत

सदस्य :- श्री इन्जिनियर

सदस्य :- श्री लेखा अधिकृत

सदस्य सचिव :- कार्यकारी अधिकृतले तोकेको नगरपालिकाको कर्मचारी

**निर्णय नं. २७ :-**

दक्षिणकाली नगरपालिकाको आन्तरिक श्रोत वृद्धिका लागी आम्दानीका श्रोतहरु पहिचान गर्ने, एकिकृत सम्पत्ति करको दररेट मुल्याङकन एवं पुनरावलोकन गर्न देहायको “राजश्व परामर्श समिति” गठन भई सकेकोमा उक्त समितिलाई निरन्तरता तथा थप कृयाशिल बनाउनका लागि नगर परिषदमा पेश गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| संयोजक :- श्री प्रमुख एवं कार्यकारी अधिकृत | - १ जना |
| सदस्य :- श्री कोष तथा लेखा नियन्त्रक कार्यालय वा आ.रा.काको प्रतिनिधि | - १ जना |
| सदस्य :- श्री काठमाडौं उद्योग वाणिज्य संघको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | - १ जना |
| सदस्य :- श्री करदाताहरु मध्येबाट | - ४ जना |
| सदस्य :- श्री लेखा अधिकृत | - १ जना |
| सदस्य सचिव :- कार्यकारी अधिकृतले तोकेको राजश्व हेर्ने कर्मचारी | - १ जना |

**निर्णय नं. २८ :-**

नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्वारा स्वीकृत दरवन्दी संख्या र पदहरु जम्मा ३३ जना स्वीकृत गर्ने निर्णय भएको र गत वर्षको नगर परिषदबाट स्वीकृत समेत भई सकेकोमा आगामी दिनमा नगरवासीहरुलाई १५ वटा वडा कार्यालयहरुबाट तत्काल सेवा सुविधा उपलब्ध गराउन आवश्यक देखिएकोले स्वीकृत देहायको दरवन्दी कम हुने भएकोले संगठन विकास (OD) गर्न मन्त्रालयसंग अनुमति माग गर्ने निर्णय गरियो ।

| स्वीकृत दरवन्दीहरु देहाय बमोजिम रहेका छन :- | | | |
|---|---|---|---|
| **क्र.सं.** | **पद** | **दरवन्दी संख्या** | **कैफियत** |
| १. | कार्यकारी अधिकृत (उपसचिव) | १ | |
| २. | लेखा अधिकृत | १ | |
| ३. | सिभिल इन्जिनियर | १ | |
| ४. | विल्डिङ एण्ड आर्किटेक्ट स्टक्चरल | १ | |
| ५. | वातावरण इन्जिनियर | १ | |
| ६. | सव-इन्जिनियर | २ | |
| ७. | सहायक पाचौं तह (ना.सु) | ३ | |
| ८. | सहायक चौथो (खरिदार) | १२ | |
| ९. | असिस्टेन्ट सव इन्जिनियर | १ | |
| १०. | सहायक चौथो तह (अमिन) | १ | |
| ११. | सवारी चालक | १ | |
| १२. | कार्यालय सहयोगी | ८ | |
| | **जम्मा दरवन्दी संख्या** | **३३** | |

**निर्णय नं. २९ :-**

यस दक्षिणकाली नगरपालिकाको मिति २०७२/०६/१२ मा सम्पन्न विशेष परिषदबाट भएका निर्णय एवं मिति २०७२ पौष २८ गते सम्म विभिन्न समयमा नगरपालिका बोर्ड बैठकबाट भएका नीतिगत निर्णयहरुलाई अनुमोदन गर्न नगर परिषदमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३० :-**

मिति २०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्प र तत् पश्चातका पराकम्पनको समयमा क्षति विवरणको तथ्याङ्क संकलन, राहत वितरण तथा व्यवस्थापनको कार्यमा अहोरात्र खटिईएका राजनैतिक दल, वडा नागरिक मञ्च, गैर सरकारी संघ-संस्था, स्थानीय स्वयंम सेवकहरु तथा कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३१ :-**

आ.व. २०७२/०७३ को आन्तरिक तथा अन्तिम लेखा परीक्षण गर्ने व्यवस्था मिलाउन नगरपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्न नगर परिषदमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३२ :-**

दोश्रो नगर परिषदसम्म खर्च भएका सम्पूर्ण आम्दानी र खर्चहरुलाई अनुमोदन गर्ने निर्णय गरियो । साथै बजेट, नीति तथा कार्यक्रम संशोधन गर्नु परेमा सबै अधिकार नगरपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्न नगर परिषदमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३३ :-**

तपसिलमा उल्लेखित निर्देशिका, कार्यविधि तथा विनियमावली बनाई कार्यान्वयन गर्ने अधिकार नगरपालिका बोर्डलाई अधिकार दिन नगर परिषदमा पेश गर्ने निर्णय गरियो ।

क. एकिकृत सम्पत्ति कर निर्देशिका

ख. उपभोक्ता मार्फत विकास निर्माण संचालन गर्ने कार्यविधि

ग. टोल सुधार संस्था दर्ता र संचालन कार्यविधि

घ. आवश्यकता अनुसार अन्य कार्यविधि

**निर्णय नं. ३४ :-**

दक्षिणकाली नगरपालिका कार्यालयको संगठन विकास ढांचा तयार गर्नका लागि परामर्शदाता नियुक्ति गर्ने तथा संगठन विकास सम्बन्धी कार्यविधि बनाउने अधिकार यस नगरपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गन नगर परिषदमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३५ :-**

यस दक्षिणकाली नगरपालिकालाई खुल्ला दिसा मुक्त क्षेत्र घोषणा गर्न प्रत्येक वडाहरुमा तथ्याङक संकलन गर्ने कार्य प्रारम्भ गरी जिल्ला विकास समितिको कार्यालय, क्षेत्रिय अनुगमन तथा सुपरिवेक्षण कार्यालय र दातृ निकायहरुसंग सहयोग र समन्वय गरी नगरपालिकाको समेत श्रोत परिचालन गरि कार्यक्रम संचालन गन र सन २०१७ सम्ममा यस नगरपालिकाकालाई खुल्ला दिसा मुक्त क्षेत्र घोषणा गर्न निर्णय हुन नगर परिषदमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३६ :-**

यस नगरपालिकाको देहायका कार्यक्रमहरुलाई सार्वजनिक निजी, साझेदारीको अवधारणा अनुसार संचालन गर्ने निर्णय गर्न नगर परिषदमा पेश गर्ने निर्णय गरियो ।

क. फोहोर मैला व्यवस्थापन

ख. पार्किङ व्यवस्थापन

ग. पार्क निर्माण, व्यवस्थापन र संचालन
घ. सार्वजनिक शौचालय संचालन

**निर्णय नं. ३७ :-**
नगरपालिकाको जिन्सी निरीक्षण, जिन्सी लिलाम बिक्रो र मिन्हा गर्ने कार्यका लागी नगरपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्न नगर परिषदमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३८ :-**
यस दक्षिणकाली नगरपालिकाको कार्यालयबाट सामाजिक सुरक्षा भत्ता रकम सनराईज बैंक लि./राष्ट्रिय वाणिज्य बैंक लि., शाखा कार्यालय फर्पिङबाट वितरण हुँदै आएकोमा उक्त कार्यलाई निरन्तरता दिन नगर परिषदमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३९ :-**
विकास निर्माण लगायत सम्पूर्ण काममा सबैको सक्रिय सहभागीता भए मात्र यसले गति लिन सक्छ । निरन्तर इमान्दार लगनशिल रुपमा काम गर्ने कर्मचारीलाई हौसला प्रदान गर्न सके यसबाट उनीहरुमा अझ जोश र जांगरमा वृद्धि भई समग्र रुपमा नगरपालिकाकै काम कारवाहिमा सकरात्मक परिवर्तन आउने हुंदा आगामी आर्थिक वर्षदेखि उत्कृष्ट काम गर्ने कर्मचारी एवं निर्माण व्यवसायी/उपभोक्ता समिति मध्येबाट पुरस्कार सिफारिस समितिको सिफारिस समेतका आधारमा कममा पनि १/१ जना व्यक्ति वा संस्थालाई पुरस्कृत गर्ने व्यवस्थाको थालनी गर्न आवश्यक बजेट व्यवस्था गर्न नगर परिषदमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४० :-**
विकास निर्माण लगायत सम्पूर्ण काममा सबैको सक्रिय सहभागीता भए मात्र यसले गति लिन सक्छ । निरन्तर इमान्दार लगनशिल रुपमा काम गर्ने कर्मचारीलाई हौसला प्रदान गर्न सके यसबाट उनीहरुमा अझ जोश र जांगरमा वृद्धि भई समग्र रुपमा नगरपालिकाकै काम कारवाहिमा सकरात्मक परिवर्तन आउने हुंदा आगामी आर्थिक वर्षदेखि उत्कृष्ट काम गर्ने कर्मचारी एवं निर्माण व्यवसायी/उपभोक्ता समिति मध्येबाट पुरस्कार सिफारिस समितिको सिफारिस समेतका आधारमा कममा पनि १/१ जना व्यक्ति वा संस्थालाई पुरस्कृत गर्ने व्यवस्थाको थालनी गर्न आवश्यक बजेट व्यवस्था गन निर्णय गर्न नगर परिषदमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४१ :-**
दक्षिणकाली नगरलाई **"बालमैत्री नगर"** को रुपमा विकासित गर्न बालमैत्री स्थानीय शासनको अवधारणा अनुसार सम्बन्धित दातृ निकायहरुको समेत सहयोग लिई बालमैत्री कार्यक्रमहरु संचालन गर्ने तथा बाल श्रम शोषण रहित नगरपालिका बनाउन निर्णय हुन नगर परिषदमा पेश गर्ने निर्णय गरियो ।